# कमलामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# सिन्धुली

कमलामाई नगरपालिका सिन्धुलीको विपद् प्रभावित

उद्धार र राहत सम्बन्धी कार्यविधि, २०७५

कार्यपालिका स्वीकृती मिति :- २०७५।३।२१

## १. उद्धार तयारी व्यवस्थापन :

क. नगर विपद् उद्धार समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी नगरपालिकाको जुनसुकै क्षेत्रमा विपद् आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुर्‍याउने व्यवस्था मिलाउने । यसका लागि खोज तथा उद्धार सामाग्री भण्डारको व्यवस्था गर्ने । जोखिममा परेका बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यकता अध्ययन अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा श्रोत साधनको व्यवस्था गर्ने र यस्ता बस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रमको कार्यान्वयनको व्यवस्था गर्ने । विपद्को जोखिममा रहेका क्षेत्रको जोखिम मुल्यांकन तथा खतराको नक्सांकन व्यवस्था गर्ने ।

ख. नगर तथा स्थानीय स्तरका विपद्का प्रकृतिको पहिचान गरी सो बाट प्रभावितहरुको खोजी र उद्धार गर्ने कार्यको लागि दक्ष र तालिम प्राप्त जनशक्ति न्यूनतम १० जना जुनसुकै बेला परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था विपद् व्यवस्थापन शाखा प्रमुखले मिलाउने । तालिम प्राप्त जनशक्तिको साथै विपद्को समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामाग्रीहरुको लगत अद्यावधिक गर्नूका साथै आपतकालिन खाद्यान्न एवं लत्ताकपडाका भण्डारणको व्यवस्था गर्ने ।

ग. खोज र उद्धार कार्यको लागि १४ वटै वडामा नगरको उद्धार समिति मातहातमा खोज र उद्धार सामाग्रीहरु भण्डारण गरी राख्ने व्यवस्था मिलाउने । यसमा न्यूनतम १० जना उद्धारकर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक पर्ने सामाग्रीहरु स्थानीय आवश्यकताको आधारमा पहिचान गरी भण्डारणको व्यवस्था विपद् व्यवस्थापन शाखाले मिलाउने ।

घ. नगरको विपद् उद्धार कोषमा रु. ५,००,०००/- पाँच लाख न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखले मिलाउने ।

ङ. रेडक्रस मुभमेन्ट एवं गैर-सरकारी संघ संस्थाहरुको सहयोग समेत लिई विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम वडा तथा नगर स्तरमा गर्ने ।

च. विपद्को समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्न नगर विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

छ. खोज तथा उद्धारका लागि आउने विभिन्न टोलीहरुलाई सहयोग गर्ने गराउने तथा समुचित प्रवन्ध नगर स्तरीय विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा गर्ने ।

## २. आपतकालीन उद्धार तथा राहत वितरण

क. प्रकोप परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. १०,०००/- ( दश हजार) का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने । यसरी रकम उपलब्ध गराउँदा प्रहरीको मुचुल्का, पोष्टमार्टम प्रतिवेदन र सबन्धीत वडाको सिफारीस भएपश्चात उपलब्ध गराउने ।

ख. विपद्धबाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका प्रभावित परिवारलाई आवश्यक व्यवस्थाको लागि ७,०००/- प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

ग. विपद्को समयमा प्रभावित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नुपर्ने अवस्था भएमा नगर स्तरीय विपद् व्यवस्थापन समितिले तत्काल जिल्ला विपद् व्यवस्थापन समितिसँग सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने ।

घ. विपद्मा परि खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै जिल्ला विपद् व्यवस्थापन समितिलाई पठाउने ।

ङ. प्रभावितहरुलाई राहत वितरण गर्दा वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिले तोकेको स्थानमा समिति मार्फत नै राहत उपलब्ध गराउने । यसरी राहत वितरण गर्दा सम्भव भए सम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व रहेका दलका प्रतिनिधी समेतलाई आमन्त्रण गरी जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा गर्ने ।

च. घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण नष्ट भएका वा पूर्ण नष्ट नभएता पनि सम्भावित विपद्बाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. ४०,०००/- ( चालीस हजार ) निर्माण सामाग्रीको लागि आर्थिक सहयोग उपलब्ध गराउने ।

छ. विपद्मा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भुक्तानी गरी दिने र अस्पतालबाट घर सम्म पुग्न लाग्ने यथार्थमा आधारित रकम रु. १०००।- (एक हजार) नबढ्ने गरी उपलब्ध गराउने ।

ज. विपद्का प्रभावितहरुलाई पुनःस्थापना तथा पुनःनिर्माणका लागि जिल्ला वन कार्यालयसँग समन्वय गरी सहुलियत दरमा काठ उपलब्ध गराउने ।

झ. प्रभावित परिवारका सदस्य मध्ये कुनै एक जनालाई वैदेशिक रोजगार जाने इच्छा भएमा उमेर र अवस्थालाई विचार गरी सम्बन्धित व्यक्तिको खर्च वडा स्तरीय विपद् तथ जलवायु उत्थानशील समितिको सिफारिसमा नगर स्तरीय विपद् व्यवस्थापन समितिले पठाउने व्यवस्था मिलाउने ।

ञ. भुकम्प, बाढी, पहिरो, आगालागी, असिनापानी, हुरी बतास, चट्याङ्ग, शीतलहर साथै विपद्का कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित परिवारलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

ट. राहत तथा उद्धार कार्य संचालन गर्नु पर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि रु. ५,०००/- ( पाँच हजार ) सम्म नगर प्रमुखको स्वीकृतमा विपद् व्यवस्थापन शाखाले खर्च गर्न पाउने ।

ठ. निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा ३० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

## ३. सूचना व्यवस्थापन, अनुगमन र मुल्यांकन

क. विपद् सम्बन्धी सूचनाको प्रवाह स्थानीय पत्रपत्रिका र रेडियोहरुबाट सूचनाको प्रवाह गर्ने ।

ख. वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिले वार्षिक रुपमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र नगरपालिकाले नगर स्तरीय विपद् तथा जलावायु उत्थानशील योजना अद्यावधिक र वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने ।

ग. वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिले गरेका क्रियाकलापलाई आवश्यकता अनुसार टोली खटाई अनुगमन गरी समितिमा प्रतिवेदन पेश गर्ने ।

घ. अनुगमनको क्रममा जिल्ला समन्वय समिति र जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य र समन्वय गर्ने ।

ङ. विपद् प्रभावित क्षेत्रमा उद्धार उवं राहत व्यवस्थापन कार्यमा सकियता पूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्ति, व्यवसायी, संघ संस्था एवं राष्ट्रसेवक कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने ।